SIMBUWA
REMIT HYDRO LTD.

# सिम्बुवा रेमिट हाइड्रो लिमिटेड

फोन : ०१-४४८१७७५
नागरिक लगानी कोषको भवन, नयाँ बानेश्वर, काठमाण्डौं
प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०४/१०

## *मौजुदा सूचीमा सूचिकृत हुनेवारे सुचना*

यस कम्पनीलाई आ.व.२०७९/८० को लागि आवश्यक पर्ने तपशिल बमोजिमका विभिन्न किसिमका **सामान तथा सेवाहरु खरीद गर्न**, **मर्मत गर्न** तथा **सेवा लिनका** लागि सूची दर्ता गराउनु पर्ने भएकोले सम्बन्धित इच्छुक फर्म, सप्लायर्स र कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा (पन्ध्रौ दिन विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) आफ्नो कारोबारको व्यहोरा उल्लेख गरी फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, अद्यावधिक गरिएको फर्म नविकरण प्रमाण पत्र, आ.व. ०७७/७८ को कर चूक्ता प्रमाण पत्र, हाल सम्म कालो सूचिमा नपरेको स्वयम् घोषणापत्र, कुनै सामान वा सेवा बिक्री वितरण गर्न प्राप्त डिलरसीप वा एजेन्सीको प्रमाणपत्र, कार्यअनुभव सम्बन्धी कागजातहरुको प्रतिलिपि सहितको निवेदन संलग्न राखी हरेक शिर्षकका लागि अलग-अलग निवेदन यस कम्पनीको कार्यालयमा दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ । आवेदकहरुलाई मौजुदा सूचिमा दर्ता गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ । विस्तृत जानकारीको लागि कम्पनीको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

### तपशिल :

(क) **सामान खरीद तर्फ :**

१. स्टेशनरी तथा मसलन्द सम्बन्धि सामानहरु ।
२. फर्निचर तथा फर्निसिङका सामानहरु ।
३. मुद्रण तथा छपाई सम्बन्धी सामानहरु ।
४. कम्प्युटर, टोनर, ल्यापटप, प्रिन्टर, स्क्यानर, फोटोकपी मेशिन, फ्याक्स Air Conditioner, डिजिटल क्यामेरा, हिटर, र त्यस्तै प्रकारका ईलेक्ट्रोनिक्स, इलेक्ट्रिकल र अन्य सामानहरु तथा सो सँग सम्बन्धित पार्टपुर्जाहरु ।
५. सबारी साधन र सो सँग सम्बन्धीत पार्टजुर्जाहरु एवं लुब्रिकेन्टहरु ।
६. खानेपानी (मिनरल वाटर) आपूर्ति सम्बन्धी कार्य ।
७. विभिन्न तालिम, बैठक, सेमिनारका लागि आवश्यक खाजा प्याकेट आपूर्ति सम्बन्धी कार्य ।
८. निर्माण सामाग्री आपूर्ति सम्बन्धी कार्य ।
९. CCTV System, Fire Extinguisher तथा त्यस्तै सुरक्षाका मालसामानहरु र सोसँग सम्बन्धीत पार्टपूर्जाहरु ।

**(ख) सेवा तर्फ** :

१. नेटवर्क, इन्टरनेट, सफ्टवेयर निर्माण, निर्माण सँग सम्बन्धित सेवा ।
२. ट्राभल एजेन्सी सेवा (हवाइटिकट को लागि रष्ट्रिय तथा अर्न्तराष्ट्रिय समेत) ।
३. बीमा सम्बन्धी सेवा ।
४. आन्तरिक लेखा परिक्षण, Tax Audit, र अन्य समान प्रकृतिका सेवा ।
५. सुरक्षा गार्ड सम्बन्धी सेवा ।
६. विषयगत विज्ञहरुको सेवा तथा परामर्श ।
७. विज्ञापन सेवा ।

**(ग) निर्माण तथा मर्मत संभार तर्फ :**

१. मोटर तथा मोटरसाइकल मर्मत सेवा ।
२. Furniture तथा Furnishing Item तथा भवन मर्मत सम्बन्धी ।
३. Computer, Telephone, EPABX Photocopy, Generator, Air Conditioner, Laptop, Printer, CCTV, UPS, विद्युतिकरण, विद्युतिय सामाग्री तथा उपकरण, Plumbing सम्बन्धी कार्य र सोही प्रकृतिका मर्मत सम्भार सेवा ।

---

**पालना गर्नुपर्ने शर्तहरु** :-

१. म्याद भित्र पेश नभएको र रीत नपुगेको निवेदन उपर कुनै कारबाही गरिने छैन ।
२. एक भन्दा बढी समूहमा सूचिदर्ता गराउन चाहनेले प्रत्येक समूहका लागि छुट्टा-छुट्टै निवेदन साथ आवश्यक सबै कागजातहरु संलग्न गरी निवेदनको समूह खुलाएर दर्ता गराउनु पर्नेछ ।
३. यस सूचना अनुसार दर्ता भएको सूचि आर्थिक वर्ष २०७९/८० को लागि मात्र मान्य रहने छ ।